National Indigenous Disabled Women Association-Nepal
2015
NIDWAN

FIMI
FORO INTERNACIONAL DE MUJERES INDÍGENAS

महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धि (सिडा)

आदिवासी महिला र किशोरीहरूको अधिकारका लागि सिडको आधारभूत सिफारिस नं. ३९

स्रोत पुस्तिका



महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धि (सिड)

आदिवासी महिला र किशोरीहरुको अधिकारका लागि सिडको आधारभूत सिफारिस नं. ३९

स्रोत पुस्तिका

National Indigenous Disabled Women Association-Nepal
2015
NIDWAN

FIMI
FORO INTERNACIONAL DE MUJERES INDÍGENAS

लेखन
प्रतिमा गुरुङ, उप-प्राध्यापक, पद्मकन्या कलेज, त्रिभूवन विश्वविद्यालय
विषय विज्ञ, राष्ट्रिय अपाङ्गता निर्देशन समिति,
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

पुरानावलोकन तथा सम्पादन
कृष्ण गहतराज, अपाङ्गता समावेशी विकास विज्ञ

विशेष सहयोग
सृजला महर्जन, कर्म महर्जन

प्रकाशन मिति
२०८२

सर्वाधिकार
राष्ट्रिय आदिवासी जनजाति अपाङ्ग महिला संघ-नेपाल

डिजाइन एण्ड लेआउट
निर्मल गैरे

प्रकाशक
राष्ट्रिय आदिवासी जनजाति अपाङ्ग महिला संघ-नेपाल
ललितपुर महानगरपालिका – १३, ललितपुर, नेपाल
पोष्ट बक्स : २१५३५
टेलिफोन : ९७७ -१-५४०२४५४
ईमेल : info@nidwan.org.np, nidwan2021@gmail.com
वेवसाइट : http://nidwan.org.np

प्राक्थान

महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धि (सिड) समितिले आधारभूत सिफारिस नं. ३९ लाई अपनाउनु र आदिवासी महिला, बालिका र अपाङ्गता भएका महिलाहरूको लागि एक ऐतिहासिक र परिवर्तनकारी कदम हो । पहिलो पटक, यस दस्तावेजले अन्तर्राष्ट्रिय मानव अधिकारको अवधारणामा आदिवासी महिला, बालिका र आदिवासी अपाङ्गता भएका महिलाहरूको विशिष्ट, बहुल पहिचान, इतिहास, सामूहिक अधिकार र जीवन्त अनुभवहरूलाई समेट्नु आफैमा प्रगतिशिल आयाम हो ।

यस दस्तावेजले लिङ्गको रूपमा मात्र महिलाको पहिचनान नभई आदिवासीको रूपमा आदिवासी महिलाले सामना गर्ने संरचनागत, प्रणालीगत, सांस्कृतिक र सामूहिक भेदभावलाई स्वीकार गरेको छ । यो स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा आदिवासी, महिला, वृद्धवृद्धा, युवा, अपाङ्गता भएका महिला, विज्ञ र तल्लो तहका आदिवासी मानव अधिकार रक्षकहरू र अन्य संघ/संस्थाको धेरै वर्षको संयुक्त र अथक प्रयास, वकालत र रणनीतिक संलग्नताको परिणाम हो । हामीहरूको निरन्तर आवाज र सामूहिक कार्यले यस दस्तावेजले समग्र आदिवासीको वास्तविकतालाई विश्वव्यापी मानव अधिकारको एजेन्डामा दृढतापूर्वक राख्न अहम भूमिका खेलेको थियो । र आज यो दस्तावेज कोसेढुंगाको रुपमा स्थापित भएको छ ।

आज विश्वभर रहेको औपनिवेशिकरण, विश्वव्यापीकरण र आधुनिकीकरणले संरचनात्मक असमानता, लिङ्गमा आधारित हिंसा, र सामूहिक अधिकारको अस्वीकारद्वारा आदिवासी महिलाको रूपमा हाम्रो भूमि, संस्कृति र समुदायहरूसँग गहिरो र स्थायी सम्बन्ध र अधिकारहरू कमजोर बनाएका छन् । सामान्य सिफारिस नं. ३९ (GR 39) ले यी वास्तविकताहरू तथ्यको आधारमा प्रस्तुत गरी राज्यलाई जवाफदेही र संवेदनशील बनाउने र आदिवासी महिला, बालिका र अपाङ्गता भएका महिलाहरूको अधिकारको सम्मान, संरक्षण र पूर्ति गर्न शक्तिशाली रूपरेखा प्रदान गरेको छ । हाम्रो सबै पहिचान, ज्ञान, प्रणाली र जीवित वास्तविकताहरूलाई सबै तह/तप्कामा जोड्न आवश्यक छ । सामान्य सिफारिस नं. ३९ एक कानूनी रूपरेखा मात्र नभइ यो आदिवासी महिलाहरूको पहिचान, मर्यादा, लचिलोपन र नेतृत्वको राजनीतिक र साँस्कृतिक घोषणा र अध्याय हो । यस अध्यायले प्रणाली र संरचनागत परिवर्तनको लागि आह्वान गर्दछ र जीवनका सबै क्षेत्रहरूमा हाम्रा अधिकार हरूको समग्र पुष्टि गर्दछ ।

आदिवासी, विशेष गरी आदिवासी महिला, बालिका र अपाङ्गता भएका महिलाहरूले, सामान्य सिफारिस नं. ३९ (GR 39) को महत्व र यसलाई कसरी प्रयोग गर्ने भन्ने बारे सचेत हुनु अत्यन्त महत्वपूर्ण छ । यो दस्तावेजलाई पहुँचयुक्त, सजिलो, बुझ्न सकिने र व्यावहारिक बनाउने लक्ष्य राखेको छ, ताकि यसले सरकारलाई जवाफदेही बनाउन, नीतिहरूमा समायोजन गर्न र हाम्रा अधिकारहरू स्थापित गर्न रणनीतिक उपकरणको रूपमा काम गर्न सकोस् भनी तयार गरिएको छ । राष्ट्रिय आदिवासी जनजाति अपांग महिला संघ-नेपाल (निडवान)ले राष्ट्रिय र अन्तराष्ट्रिय संस्थाहरुसँग मिलेर सिडको आधारभूत सिफारिस नं. ३९

ल्याउने समयमा सिड समितिमा धेरैवटा संस्था, नेटवर्क र प्राज्ञिक संस्थाहरु मार्फत प्रतिमा गुरुङको नेतृत्वमा प्रतिवेदनहरू बुझाएको थियो । सिड समितिले सबै संस्थाहरूले बुझाएको प्रतिवेदन, जिवन्त भोगाइ, तथ्यांक, सूचना वा अन्यलाई आधार मानेर सिडको आधारभूत सिफारिस नं ३९ सन् २०२२ अक्टोवर ३१ मा ल्याएको थियो । आदिवासी अपाङ्गता भएका महिलाहरुको लागि यो सबैभन्दा महत्वपूर्ण कानूनी दस्तावेज हो ।

निडवानले आदिवासी महिलाहरूको अन्तर्राष्ट्रिय सञ्जाल (FIMI), Asia Indigenous Women Network (AIWN), Network on Indigenous Women in Asia (NIWA), Asia Pacific Indigenous Women and Girls with Disabilities Network (APIWDN) अन्य आदिवासी महिला र अपाङ्गता भएका व्यक्तिहरुको अन्तर्राष्ट्रिय संजाल International Disability Alliance (IDA), Indigenous Person with Disabilities Global Network (IPwDGN) को प्रतिवेदनलाई एकीकृत गर्दै धेरै विचार र सिफरिसहरू प्रतिबिम्बित गरिएको छ । यो दस्तावेज महिला, आदिवासी जनजाति र अपाङ्गता भएका व्यक्तिहरू सम्बन्धी विद्यमान मानव अधिकारको ढाँचामा जस्तै महासन्धि, घोषणापत्र, सामान्य सिफारिसहरू, निष्कर्ष सुझाव, समापन अवलोकन, विशेष समाधिक्षकको प्रतिवेदनबाट तयार पारिएको हो ।

आधारभूत सिफारिस नं ३९ मा अपाङ्गता भएकै महिलाहरुको लागि ५० भन्दा बढी प्रत्यक्ष र अप्रत्यक्ष सन्दर्भहरु छन् । जुन आफैंमा महत्वपूर्ण र कार्यान्वयनको लागि अपरिहार्य छ । ती सबै अधिकारहरुलाई सरल भाषामा यहाँ प्रस्तुत गरिएको छ । यो दस्तावेज आदिवासी महिलाहरुको संस्थाको सक्रिय सहभागिता र संलग्नतामा विकसित गरिएको थियो ।

यो दस्तावेजले हाम्रो एकता र सामूहिक शक्तिलाई सुदृढ पार्ने अवसर प्रदान गरेको छ । यस दस्तावेजलाई सबै सरोकारवाला, अधिकारवाला र सेवा प्रदायकहरूबीच व्यापक रूपमा प्रयोग गरी सबै तहमा यसको सम्मान, संरक्षण, प्रवर्द्धन र कार्यान्वयन गर्नुपर्दछ । यसले सबै आदिवासी महिला, अपाङ्गता भएका महिला र बालिकाहरूले आफ्ना सम्पूर्ण अधिकारहरूको सुनिश्चितता गर्न पाउन र प्रयोग गर्न सकून् भन्ने अपेक्षा गरेका छौं ।

धन्यवाद !

जमुना तामाङ
अध्यक्ष
राष्ट्रिय आदिवासी जनजाति अपांग महिला संघ–नेपाल (निडवान) परिवार

कृतज्ञता

राष्ट्रिय आदिवासी जनजाति अपाङ्ग महिला संघ-नेपाल (निडवान) ले आफ्नो स्थापना कालदेखि नै अन्तराष्ट्रिय रुपमा बनेका मानवअधिकारका सन्धि, महासन्धि तथा घोषणापत्रहरुलाई आधार मानी आदिवासी अपाङ्गता भएका महिला तथा किशोरीहरुको हकहित र अधिकारका बारेमा वकालत गर्दै आइरहेको छ। महिला विरुद्द हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धि महासन्धि (सिड) पनि यस्तै अन्तराष्ट्रिय दस्तावेजहरु मध्येको एक महत्वपूर्ण दस्तावेज हो। निडवानले आफ्नो स्थापनाकालदेखि नै सिडको प्रभावकारी कार्यान्वयनका लागि आफ्ना संरचनाहरुमा व्यापक सचेतना अभिवृद्दि गर्ने, सोहि सन्दर्भमा आदिवासी अपाङ्गता भएका महिलाहरुको दृष्ट्रिकोणबाट सरोकारवाला निकायहरुसँग नीति संवाद गर्ने, र समयसमयमा राष्ट्रिय तथा अन्तराष्ट्रिय संयन्त्रहरुमा यसको प्रगति प्रतिवेदन समेत बुझाउदैं आइरहेको छ।

सोहि सन्दर्भमा गत अक्टोवर ३१, २०२२ मा महिला विरुद्द हुने भेदभाव उन्मूलन सम्बन्धि समितिले आदिवासी महिला र किशोरीहरुको अधिकारका लागि आधारभूत सिफारिस नं. ३९ ल्यायो। यो महिला अधिकारको लडाइमा एउटा कोशेढुङ्गा हो। त्यसैले, निडवानले यो दस्तावेजलाई यथाशक्य अधिकतमा उपयोग गरी व्यापक सचेतना अभिवृद्दि गर्न चाहान्छ। त्यसैले, यो दस्तावेजलाई स्रोत पुस्तिकाका रुपमा निर्माण गर्नका लागि आफ्नो पूर्ण ज्ञान, विवेक र समय लगाइ लेख्नुहुने यस संस्थाका संस्थापक अध्यक्ष तथा वर्तमान कार्यकारी निर्देशक, त्रिभूवन विश्वविद्यालयका उप-प्राध्यापक, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय अन्तरगत राष्ट्रिय अपाङ्गता निर्देशन समितिका विषय विज्ञ - श्री प्रतिमा गरुङ ज्यूप्रति विशेष हार्दिक आभार व्यक्त गर्दछौं । त्यसैगरी, यस स्रोतपुस्तिकालाई पुनरावलोकन गरी सम्पादन गर्नुहुने आदरणी अपाङ्गता समावेशी विकास विज्ञ तथा निडवानका प्राविधिक सल्लाहकार श्री कृष्ण गहतराज ज्यूप्रति पनि हार्दिक आभार प्रकट गर्दछौं। त्यसैगरी, यस स्रोत पुस्तिका प्रकाशनमा प्रत्यक्ष-अप्रत्यक्ष सहयोग पुर्याउनुहुने सबैप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछौं।

जमुना तामाङ
अध्यक्ष
राष्ट्रिय आदिवासी जनजाति अपांग महिला संघ–नेपाल (निडवान) परिवार

विषय सूची

१. महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धि-सिड	१
२. आदिवासी अधिकारको मान्यता	४
३. आदिवासी महिला, अपाङ्गता भएका महिला र बालिकाहरुको अन्तरच्छेदियता	८
४. लैंगिक र साँस्कृतिक हिंसा	११
५. प्रभावकारी र अर्थपूर्ण सहभागिता	१४
६. शिक्षाको अधिकार	१७
७. कामको अधिकार	१९
८. यौन तथा प्रजनन स्वास्थ्य अधिकार	२२
९. साँस्कृतिक अधिकार	२५
१०. तथ्याङ्क सङ्कलन र अनुसन्धान	३०
११. कानूनी र नीतिगत कार्यढाँचा	३२
१२. निष्कर्ष	३४


महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धि (सिड)





महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धि (सिड) संयुक्त राष्ट्र संघले १९७९ मा अनुमोदन गरेको अन्तर्राष्ट्रिय कानुनी संयन्त्र हो । यस सिड महासन्धिको बारेमा सचेत, जानकारी हुनु हामी सबै अधिकारवाला, सेवाप्रदायक र सरोकारवालाहरुलाई आवश्यक छ । सन् १९९१ अप्रिल २२ तारिकमा नेपाल सरकारले सिडमा हस्ताक्षर गरेर अनुमोदन समेत गरी पक्ष राष्ट्र बनेको थियो। त्यसैले, यो महासन्धि हाम्रो लागि कानुनीरुपमा बाध्यकारी हो। सिडलाई हालसम्म नेपाल लगायत १८९ राष्ट्रहरूले अनुमोदन गरिसकेका छन्।





सिडले ऐतिहासिक रुपमा परापुर्वकालदेखि महिलामाथि राज्य र अन्य संरचनाले गरेको संरचनागत भेदभाव (राज्यका विभिन्न तह र तप्कामा गरेको) र पद्दतिगत (प्रत्यक्ष र अप्रत्यक्ष रूपमा) भेदभावको कारण महिला पुरुषबिच विभिन्न सामाजिक, आर्थिक, साँस्कृतिक, शैक्षिक, सहभागिताका आधारमा समान छैनन् भन्ने कुरा स्वीकार्दै, ती भेदभावहरुलाई हटाएर सबै महिला तथा बालिकाहरुको समान अधिकारलाई सुनिश्चित गर्ने लक्ष्य राखेको छ।

सिडका मुख्य सिद्धान्तहरु- गैर विभेद (कसैलाई कुनै पनि लिङ्ग, जाती, उमेर, भाषा, आदिवासी उत्पति र थाकथलो, अपाङ्गता, सामाजिक, आर्थिक अवस्था, भूगोलको आधारमा भेदभाव गर्न नहुने), सारभुत समानता (सबैलाई सबै तहमा प्राथमिकताका आधारमा समान अधिकार दिने) र राज्यका दायित्वहरू (राज्यले सबै नागरिकलाई गर्नु पर्ने समान अधिकार र समान जिम्मेवारी) हुन्। यसले सबै तह र तप्कामा यी अधिकारहरुको सुनुश्चित गर्नुपर्दछ भन्ने व्याख्या गरेको छ।





सिडको व्याख्या र विश्लेषण गर्दा यसलाई अन्य अन्तराष्ट्रिय कानुनहरु सँगै जोडेर हेर्नु पर्दछ । जस्तै बालबालिका सम्बन्धी महासन्धि (CRC), आदिवासी जनजातिहरुको अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघको घोषणापत्र (UNDRIP), अन्तर्राष्ट्रिय श्रम संगठन १६९ (ILO 169), अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी महासन्धि (UNCRPD), बेइजिङ घोषणापत्र र यसको कार्यामञ्च (BPfA), दिगो विकास लक्ष्य (SDG 2030) को प्रावधान र व्यवस्थाहरुलाई आत्मसात् गर्नुपर्दछ। यी सबै संयन्त्र र कानुनहरुको विस्तृत सुझावलाई सिडले व्याख्या गरेको छ।

यस दस्तावेजले सबै महिलाहरुको नागरिक, राजनैतिक, आर्थिक, सामाजिक, साँस्कृतिक अधिकारलाई सुनिश्चित गरेको छ । साथै, यसले महिलाको नाममा पाउने नागरिकताको अधिकार, विवाह, प्रजनन स्वास्थ्य अधिकार, सबै तहमा समान पहुँच, र सहभागिता लगायत महिला सम्बन्धि अन्य थुप्रै अधिकारहरु राज्यले सुनिश्चित गर्नुपर्ने दायित्वलाई बाध्यकारी गराउँदछ ।





यस दस्तावेजमा पक्ष राष्ट्रहरुको दायित्व अन्तर्गत नेपाल सरकारले सिड समितिलाई अहिलेसम्म सातौं प्रतिवेदन बुझाइसकेको छ । सोही अनुसार सन् २०२५ मा नेपाल सरकारलाई सिड समितिले निष्कर्ष सुझाव (CEDAW Concluding Observation-CO) कार्यान्वयनका लागि निर्देशित गरेको छ। राज्यले सो निष्कर्ष सुझावलाई अनिवार्य रुपमा कार्यान्वयन गर्नुपर्दछ। राज्यले निष्कर्ष सुझाव (CO) कार्यान्वयनका लागि राष्ट्रिय तहमा महिला सम्बन्धी कानूनहरु बनाई, घरेलुकरण गर्न र सबै नागरिकलाई अधिकार प्रत्याभूत गराउन निर्देशित गरेको छ।



त्यस बाहेक, सिडको धारा २१ अन्तर्गत सिड समितिले राज्य पक्षबाट प्राप्त प्रतिवेदन, अन्य जानकारी र आवश्यकताको आधारमा समुदायको लागि विभिन्न शिर्षक र आधारभूत सिफारिस ल्याउने प्रावधान छ । यहिँ प्रावधानमा रहेर सिड अनुमोदन भएपनि, यसले महिला अन्तर्गतको विविधतामा आदिवासी महिला, अपाङ्गता भएका महिला, बालिका र अन्य महिलाको बारेमा व्याख्या, सुझाव र मान्यता दिएको थिएन । त्यसैले विश्वभरका सबै आदिवासी महिला, आदिवासी अपाङ्गता भएका महिला र संस्थाहरूले दुई दशकभन्दा बढी समयदेखि आफ्नो विशिष्ट पहिचानलाई सम्मानित गर्न अन्तर्राष्ट्रिय स्तरमा वकालत र पैरवी गर्दै आएका थिए। र सन् २०२२मा आउँदा यसलाई सिडको आधारभूत सिफारिस नं. ३९ को प्रावधानको रुपमा स्विकार्यो ।

आदिवासी अधिकारको मान्यता




सन् २०२२ को संयुक्त राष्ट्र संघको ८२औँ महासभामा सिड समितिले पहिलो पटक आदिवासी महिला, आदिवासी अपाङ्गता भएका महिला र बालिकाहरुको पहिचानलाई सिड आधारभूत सिफारिस नं ३९ मार्फत स्वीकार गरेको छ।



सिड समितिले पहिलो पटक सिड आधारभूत सिफारिस नं ३९ मार्फत आदिवासी महिला, आदिवासी अपाङ्गता भएका महिला र बालिकाहरुलाई कुनै भेदभाव बिना नागरिक, सामाजिक, राजनीतिक, आर्थिक र साँस्कृतिक अधिकार सहित सबै मानव अधिकारको उपभोग गर्न पाउनु पर्ने अधिकारको सुनिश्चित गरेको छ।

सिडको आधारभूत सिफारिस नं ३९ सबै आदिवासी महिला, अपाङ्गता भएका महिला र बालिकाहरूको लागि ऐतिहासिक छ किनकी यसले सबै सरोकारवालाहरूबीच हाम्रो बहुल पहिचान, विशिष्टताको सम्मान र संवर्द्धनलाई स्वीकार गरेको छ।



सिड समितिले आदिवासी महिला, अपाङ्गता भएका महिला तथा बालिकाहरूको समावेशिता, सहभागिता, बहुल पहिचान, सामूहिक अधिकार र आत्मनिर्णयको अधिकार समेटी आधारभूत सिफारिस नं. ३९ अनुमोदन गर्यो । यसलाई हामीले अन्य कानून सरह बुझ्नु पर्दछ। यो पहिलो अन्तर्राष्ट्रिय कानून हो जसले आदिवासी अपाङ्गता भएका महिलाहरुको मुद्दाहरू स्पष्ट रूपमा उल्लेख गरि उनीहरुको अधिकारलाई सुनिश्चित गरेको छ।

सिड आधारभूत सिफारिस नं. ३९ (GR-39) लाई निम्नानुसार विभाजन गरिएको छ :

- (१-७) परिचय
- (८-१२) उद्देश्यहरूको व्याख्या
- (१३-१५) कानुनी ढाँचाको विवरण
- (१६-३३) राज्य पक्षहरूको कानुनी दायित्वहरू
- (३४-६१) GR-39 विशिष्ट कानुनी दायित्वहरू र निर्दिष्ट धाराहरू

सिड आधारभूत सिफारिस नं. ३९ (GR-39)

आदिवासी महिला, अपाङ्गता भएका महिला र बालिकाहरु विरुद्ध हुने भेदभाव रोक्न र सम्बोधन गर्न, यस GR-39 ले लैङ्गिक दृष्टिकोण, अन्तरक्षेदीय/अन्तरविविधताको दृष्टिकोण, अन्तरसाँस्कृतिक दृष्टिकोण र बहुआयामिक/व्यापक दृष्टिकोणलाई एकीकृत गरेको छ । यी अवधारणाहरूलाई निम्न रूपमा परिभाषित गरिएको छ :



लैङ्गिक दृष्टिकोण:

आदिवासी महिला, अपाङ्गता भएका महिला र बालिकाहरुलाई लिङ्ग र लैंगिकताको आधारमा ऐतिहासिक र वर्तमान अवस्थामा प्रभाव पार्ने भेदभावपूर्ण मान्यताहरू, हानिकारक अभ्यासहरू, सामाजिक मान्यताहरू, रूढीवादी व्यवहारहरुलाई विचार गर्नु हो । उनीहरूको दृष्टिकोणमा उनीहरूको अनुभव, वास्तविकता र आवश्यकताहरू र आदिवासी पुरुष र अन्य पुरुषहरूका आवश्यकताहरू बीचको भिन्नता बुझ्नु, उनीहरूको लिङ्ग र लैंगिक भिन्नताहरूको आधारमा प्राथमिकतामा राख्नु, र उनीहरुलाई विकासशील महिलाको स्थितिलाई विचार गरि सबै तहमा समावेश गर्नुका साथै, उनीहरूको उमेर, लिङ्ग, विकास र अवस्थालाई सम्मान गर्नु हो ।



अन्तरसाँस्कृतिक दृष्टिकोण:

आदिवासीको विविधता, उनीहरूको संस्कृति, भाषा, भूगोल, आस्था र मूल्यहरू, सामाजिक विविधताको मूल्यांकन र मूल्य सहित विचार गर्नु, समावेश गर्नु र बहुल पहिचान र कानून, स्वास्थ्य, शिक्षा, संस्कृति, आध्यात्मिकता, मानवशास्त्र, अर्थतन्त्र, विज्ञान र काम लगायत अन्य पक्षहरूले आदिवासी महिला, अपाङ्गता भएका महिला, र बालिकाहरूको सामाजिक अनुभवलाई कसरी आकार दिइरहेका छन् र उनीहरू विरुद्धको भेदभावलाई प्रवर्द्धन गरिरहेका छन् भन्ने कुरामा ध्यान दिनु हो । आदिवासीहरूको व्यक्तिगत र सामूहिक अधिकारहरू समग्र बुझाइको जग हो । यी सम्बन्धीत अधिकारहरूको उल्लङ्घनले आदिवासी महिला, अपाङ्गता भएका महिला, र बालिकाहरू विरुद्ध हुने भेदभावलाई जनाउँदछ । यी अधिकारहरूमा आत्मनिर्णयको अधिकार, स्वायत्तता, भूमि, क्षेत्र र स्रोतहरूमा पहुँच र अखण्डता; संस्कृति र वातावरण; निर्णय लिने कार्यमा प्रभावकारी र समान सहभागिता; र उनीहरूलाई असर गर्न सक्ने विधायीका वा प्रशासनिक उपायहरू अपनाउनु हो । यस्ता गतिविधि कार्यान्वयन गर्नु अघि उनीहरूसँग स्वतन्त्र, पूर्व र अग्रिम सहितको जानकारी प्राप्त गर्नु, उनीहरूको आफ्नै प्रतिनिधिमूलक संस्थाहरू मार्फत परामर्श र समावेश गर्नु हो ।

अन्तरच्छेदिय दृष्टिकोण:

यस दृष्टिकोणले राज्य पक्षलाई आदिवासी महिला, अपाङ्गता भएका महिला, र बालिकाहरूले आफ्नो मानव अधिकारको अभ्यास र रक्षा गर्ने बहुल सामाजिक पहिचानहरु (लिङ्ग, जाती, उमेर, भाषा, आदिवासी उत्पति, थाकथलो, अपाङ्गता, सामाजिक, आर्थिक अवस्था, भूगोल, एचआईभी/एड्स स्थितिको आधार र एक अर्काबिच यी सामाजिक पहिचानहरू खप्टिने (ओभरल्याप) अवस्था र आयामलाई विचार गरी मानव अधिकार दृष्टिकोणबाट सम्बोधन गर्नु हो। यो विषयवस्तु सँग जोडिएका नवीनतम सवालहरु जस्तै उपनिवेशवाद, जातिवाद, विश्वव्यापीकरण, आधुनिकीकरण, औद्योगिकीकरणसँग सम्बन्धीत नीतिहरू आत्मसात गरी, लिङ्गवाद, गरिबी, सशस्त्र द्वन्द्व, सैन्यीकरण, जबरजस्ती विस्थापन र क्षेत्रहरूको क्षति, युद्धको उपकरणको रूपमा यौन हिंसा, र उनीहरूका समुदायहरू विरुद्ध बारम्बार हुने अन्य खतरनाक मानव अधिकार उल्लङ्घन, सहवरणहरूको प्रभाव र असरलाई सम्बोधन गर्नु हो। यसले शक्ति संरचना, सम्बन्धीत स्रोतहरुमा पहुँच, सहभागिता र समान न्यायको बारेमा संवेदनशील हुन जोड गर्दछ।



बहुआयामिक/व्यापक दृष्टिकोण:

आदिवासी महिला, अपाङ्गता भएका महिला, र बालिकामाथि हुने बहुपक्षीय आयामहरू विगतमा चलिरहेका संरचनागत नीति, सहवरण, विलायकरणहरू समावेश छन्। यी मूल कारणहरूमा सामूहिक अधिकार, आत्मनिर्णय र स्वायत्तताको अधिकारको प्रभावकारी कार्यान्वयनको अभाव र उनीहरूको भूमि, क्षेत्र र प्राकृतिक स्रोतहरूको निरन्तर विस्थापनमा हुने अवस्था रहेको छ। त्यसैले यस बहुआयामिक दृष्टिकोणले व्यापक साँस्कृतिक र बहुपक्षीय दृष्टिकोण बुझेर आदिवासी महिला, अपाङ्गता भएका महिला, र बालिकामाथिको जीवनमा "आवश्यक घटक मात्र होइन, तर यो आन्तरिक रूपमा उनीहरूको भूमि, क्षेत्र, इतिहास र समुदाय गतिशीलतासँग जोडिएको हुन्छ भन्ने दृष्टिकोणलाई मान्नु हो। यसले सामूहिक, आत्मनिर्णय र स्वायत्तताको अधिकारको प्रभाव, जलवायु परिवर्तन, वातावरणीय ह्रास, जैविक विविधता र उद्योगहरूको विकास, क्षति साथै, अधिकार रक्षकको रूपमा काम गर्दा हुने खतरा र विभिन्न प्रभावहरू समावेश छन्। यसले राज्यहरूलाई विभिन्न कारकहरूको आधारमा उनीहरूको असमान र स्वेच्छाचारी व्यवहारको जोखिम बढाउन र परिणामहरूलाई बढाउने धेरै कारक तत्वहरूलाई विचार र सम्बोधन गर्नु हो। राज्य प्रणालीमा, जातिवाद, संरचनात्मक र प्रणालीगत भेदभाव, र सीमान्तकरणका अन्य रूपहरूको, व्याख्या सेवाहरूको पहुँच बढाउन, र आदिवासी परम्परा र अभ्यासहरूलाई विचार गर्ने साँस्कृतिक रूपमा उपयुक्त प्रक्रियाहरूको समावेश गर्नु हो।

आदिवासी महिला, अपाङ्गता भएका महिला र बालिकाहरूको अन्तरच्छेदियता





आदिवासी महिला, अपाङ्गता भएका महिला र बालिकाहरूको एक भन्दा बढी पहिचानहरू छन् । उनीहरु लिङ्ग, जाती, उमेर, भाषा, आदिवासी उत्पति, अपाङ्गता, सामाजिक, आर्थिक अवस्था, भूगोल, एचआईभी/एड्सको स्थितिको आधारमा विविध छन् । साथै, यी बहुल पहिचानहरु सीमान्तकृत पहिचानहरू पनि हुन् । यी बहुल र सीमान्तकृत पहिचानहरू एक अर्कासँग खप्टिँदा (ओभरल्याप) आदिवासी महिलाहरुले दैनिक जीवनमा विभिन्न अवरोधहरू भोग्ने गर्दछन् । उनीहरुले यी बहुल पहिचानका कारण प्रत्यक्ष र अप्रत्यक्ष भेदभाव प्रत्येक दिन सामना गर्नु परेको अवस्था छ र ती भेदभावहरुलाई हटाउनु पर्नेमा जोड दिएको छ ।





आदिवासी महिला, अपाङ्गता भएका महिला र बालिकाहरुको बहुआयामिक (विभिन्न पक्ष र आधारमा हुने विभेदलाई) परिचय, पहिचान र प्रतिनिधित्वलाई सम्मान गर्नुपर्दछ । उनीहरूको अनुभव र जीवन्त भोगाई पृथक (भिन्न र विविध) छन् । त्यस्ता अनुभवहरूलाई सबै तहमा सम्मानपूर्वक समावेश गरी अन्तरसाँस्कृतिक वातावरण, विविधताको सम्मान, र सामाजिक न्याय सुनिश्चित हुनुपर्नेमा जोड दिन्छ ।

यस दस्तावेज़ले आदिवासी महिला, बालिका र अपाङ्गता भएका महिलाहरुको व्यक्तिगत र सामूहिक अधिकार र यसको प्रभावलाई दुवै दृष्टिकोणबाट बुझ्नुपर्छ भन्ने कुरामा जोड गर्दछ । आदिवासी महिलाहरुले व्यक्तिगत रुपमा उनीहरुको सामाजिक, आर्थिक, राजनीतिक अधिकारको उपभोग गर्न अवरोध छ । साथै, सामूहिक रुपमा उनीहरुको आदिवासी विचार, भाषा, संस्कृति, परम्परा, थातथलो, चालचलन, रीतिरिवाजका आधारमा विभेद भोग्नुपरेकोले उनीहरुको व्यक्तिगत र सामूहिक मानव अधिकार हननबाट स्वतन्त्र रहँदै सुरक्षित र स्वतन्त्र जीवन जिउने जोड गर्दछ ।





आदिवासी महिला, अपाङ्गता भएका महिला र बालिकाहरू प्रायः जसो शोषण, हिंसा र दुर्व्यवहारको जोखिममा छन् । उनीहरुको विभिन्न संरचनामा पहुँचको कमी भएको हुँदा, उनीहरुको भूमि, क्षेत्र तथा स्रोतसाधनमा उनीहरूको अधिकार सुनिश्चित गर्नुपर्दछ। यस दस्तावेज़ले उनीहरुको लागि थप नीतिहरु, जस्तै प्रवासी कामदार, शरणार्थी, अपाङ्गता भएका व्यक्ति, यौनिक तथा लैंगिक अल्पसंख्यक समुदाय र अन्य व्यक्तिहरुलाई सम्बोधन गर्ने उपायहरु समावेश गर्नुपर्ने र कानूनी क्षमताको मान्यता सुनिश्चित गर्नुपर्ने कुरामा जोड गर्दछ।




यस दस्तावेज़ले आदिवासी महिला, अपाङ्गता भएका महिला र बालिकाहरूले सामना गरेको गरिबी, सशस्त्र द्वन्द्व, उपनिवेशवाद, नस्लवाद, लिङ्गवाद, बलजफती, भूमि र भूभागबाट स्थान्तरण र क्षति र युद्धका रूपमा लैङ्गिक र सामूहिक हिंसा, सहवरणको नीतिलाई राज्यले सम्बोधन गर्नुपर्दछ भन्ने कुरालाई जोड दिएको छ । राज्यले यी मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई रोक्नु, सम्बोधन गर्नु र सुरक्षित वातावरण सुनिश्चित गर्नुपर्ने कुरामा जोड गर्दछ।



यस दस्तावेजले आदिवासी महिलाभित्र पनि बहुल पहिचानका कारण बहुल विभेद भोग्नु परेको हुँदा त्यसलाई सम्बोधन गर्न अपाङ्गता को सवाललाई प्राथमिकता साथ सम्बोधन र संवेदनशील हुन् जोड गर्दछ । उनीहरुलाई 'Nothing About Us Without Us' अर्थात “हाम्रा लागि हामी नै ” भन्ने सिद्धान्तलाई आत्मसात गर्दै सकारात्मक, सुरक्षित र आफ्ना सवालहरु राख्न र अधिकारलाई प्रत्याभूत गर्ने वातावारणको सुनिश्चित गर्नु पर्ने कुरामा जोड गर्दछ।

लैंगिक र साँस्कृतिक हिंसा



आदिवासी महिला, अपाङ्गता भएका महिला तथा बालिकाहरुले सार्वजनिक र निजी स्थानहरुमा विभिन्न प्रकारका लैंगिक, जातीय, साँस्कृतिक, भाषिक, आध्यात्मिक हिंसाहरु जस्तै अपहरण, बेचबिखन, यौन, शोषण, बलात्कार, बेपत्ता पार्ने, दासत्व, जर्बजस्ती बन्ध्याकरण, मजदुरी, न्यून ज्यालामा काम लगाउने, बोक्सी मनोवृत्ति धारणा लादने र दुर्व्यवहारका कारण हुने निम्न स्तरको अपमानको आरोपहरुको सामना गर्नु परेको हुँदा त्यसलाई सम्बोधन गर्न राज्यलाई निर्देशन गर्दछ।






उनीहरुले आध्यात्मिक हिंसा पनि भोग्ने गर्दछ। आध्यात्मिक हिंसा अन्तर्गत उनीहरूले समुदायको सामूहिक पहिचान, आध्यात्मिक जीवन, संस्कृति, क्षेत्र, वातावरण र प्राकृतिक स्रोतहरूसँगको सम्बन्धलाई हानी पुर्याउनु हो। यसले आदिवासी र उनीहरूका समुदायहरूको सामूहिक, आध्यात्मिक, साँस्कृतिक र सामाजिक संरचनालाई कमजोर पार्छ र समुदाय र अन्तरपुस्तालाई हानी निम्त्याउँछ र प्रभाव पार्न सक्ने हुँदा त्यसलाई राज्य र सरोकारवाला पक्षलाई त्यसको सम्बोधनको लागि जोड गर्दछ।

आदिवासी महिला, अपाङ्गता भएका महिलाहरुको सिमित पहुँच, निरक्षरता, जातिवाद, सिमान्तकरण, गरिबी, परिवारका सदस्यहरूमा मादक पदार्थ सेवन र दुरुपयोगले लैंगिक हिंसाको जोखिम बढाउन सक्ने सम्भावना र हिंसामा पर्न सम्भावना हुँदा उनीहरु निजी र सार्वजनिक जीवन, दुवै क्षेत्रमा असुरक्षित छन्। त्यसैले उनीहरुलाई न्यायमा समान पहुँच बढाउन आवश्यक छ। न्यायमा समान पहुँचको लागि उनीहरुसँग संलग्नता, संवेदनशिलता, सचेतना बढाउन आवश्यक छ। साथै, हिंसाका सवालहरुमा अपराधिलाई प्रभावकारी दण्डसहित कारवाहीको कार्यान्वयनको लागि जोड गर्दछ।





आदिवासी महिला, अपाङ्गता भएका महिला तथा बालिकाहरु भूमि, प्राकृतिक स्रोतसाधन, पर्यावरण र वातावरण सँग जोडिएका छन् । उनीहरुलाई विभिन्न उद्योग, कलकारखाना, परियोजना र विश्वव्यापी उपनिवेशीकरणका कारण प्रभावहरू परेको छ । उनीहरुको आधुनिक जीवनशैली र बानी व्यवहारमा आएको परिवर्तनका कारण वातावरण र पर्यावरणमा नकारात्मक असर परेको छ। यसले पर्यावरणीय क्षति, प्रदूषण र जलवायु परिवर्तन जस्ता समस्याहरु उत्पन्न गरेको छ। त्यसैले राज्यले यी प्रभाव र क्षतिहरुलाई रोक्न र न्युनीकरण गर्न नीति र प्रभावकारी कार्यान्वयनको लागि जोड गर्दछ।




यस दस्तावेजले सबै व्यक्तिगत, साँस्कृतिक र सामूहिक हिंसा रोक्न र सम्बोधन गर्न राज्यले सकारात्मक उपायहरू अपनाउन जोड गर्दछ । यसमा उनीहरूको कानूनी सहायता सेवा र न्यायमा सहजता र सरलता प्रदान गर्न आवश्यक छ । साँस्कृतिक र सामूहिक हिंसा रोक्न कानून र नीतिहरूमा उनीहरूको 'बहुपक्षीय पहिचान' र 'अन्तरक्रियात्मक, र जीवन्त अनुभव'लाई मान्यता दिनुपर्ने कुरामा जोड दिएको छ । साँस्कृतिक, र सामूहिक विभेद भोगीरहेका उनीहरुको सही र खण्डिकृत तथ्यांक संकलन गरी वास्तविक अवस्थाको आधारमा हिंसालाई बुझ्न, रोक्न र हिंसा न्यूनिकरणको लागि नीति, कार्यक्रम र प्रभावकारी कार्यान्वयनको जोड गर्दछ।

प्रभावकारी र अर्थपूर्ण सहभागिता



आदिवासी महिला, अपाङ्गता भएका महिला र बालिकाहरुको सार्वजनिक क्षेत्रमा प्रतिनिधित्व अत्यन्तै कम छ वा छदै छैनन् । त्यसैले राज्यले उनीहरूको साँस्कृतिक, सामूहिक, भाषिक अवरोधलाई सम्बोधन गर्दै सचेतनाका साथ सबै तहमा अर्थपूर्ण सहभागिता र प्रतिनिधित्व गर्नुपर्दछ।






धेरैजसो आदिवासी महिला, अपाङ्गता भएका महिला र बालिकाहरुले समुदायको नेता, राजनीतिक नेता वा नीति निर्माताको रूपमा सार्वजनिक क्षेत्रमा सीमित सहभागिता र हको पाइन्छ । त्यसैले उनीहरुलाई घर, समाज र सार्वजनिक वृत्तमा सहभागी हुने, निर्वाचनमा उठ्ने, मतदान गर्ने, निर्णय प्रक्रियामा प्रभावकारी सहभागी हुने अधिकारलाई सुनिश्चित गर्दै उपयुक्त अनुकूल वातावरण राज्यले प्रवर्द्धन गर्नुपर्दछ । राज्य, सेवाप्रदायक र सरोकारवालाहरूले उनीहरूको मुद्दा, आवाज र समावेशीकरणलाई प्राथमिकतामा राख्नु पर्दछ।

राज्यले आदिवासी महिला र बालिकाहरूलाई शान्ति निर्माण र संक्रमणकालीन न्याय प्रक्रियामा निर्णयकर्ता र अभिनेताको रूपमा भाग लिनको लागि विभिन्न अवसरहरू सिर्जना र सुनिश्चित गर्नुपर्दछ। साथै, उनीहरूले आदिवासी महिला मानव अधिकार रक्षकहरूको जीवन, अखण्डता र उनीहरुको सम्मान कामलाई पहिचान, समर्थन र संरक्षण गर्नुपर्दछ । उनीहरूले सुरक्षित र समावेशी वातावरणमा आफ्ना गतिविधिहरू सञ्चालन गर्न राज्यले प्रोत्साहन र प्रभावकारी उपायहरू अपनाउनु पर्दछ।





राज्यले आदिवासी महिला, अपाङ्गता भएका महिला र बालिकाहरूलाई आफ्नो राय व्यक्त गर्ने, भाग लिने, योजना बनाउने, संलग्न हुने, योगदान गर्ने अधिकार सुनिश्चित गर्नुपर्दछ । उनीहरूको उमेर, आदिवासी पहिचान, अशक्तता र परिपक्वताका आधारमा आफ्नो रोजाइ र रुचि अनुसार प्रतिनिधि चयन गर्न, साथै, खेलकुद तथा साँस्कृतिक, मनोरञ्जनका क्रियाकलापमा बिना भेदभाव भाग लिन पाउने सहज, सुलभ र गुणस्तरिय पहुँचयुक्त वातावरण राज्यले सुनिश्चित गर्नुपर्दछ।




आदिवासी महिला, अपाङ्गता भएका महिला, र बालिकाहरुले आफ्नो रोजाइ र रुचि अनुसार साथी, श्रीमान्, सहयोगी र अभिभावक छनौट गर्ने/सम्मान गर्ने अधिकार राज्यले दिनुपर्छ। स्वतन्त्र रूपमा विवाह गर्न पाउने, सम्बन्ध विच्छेद गर्न पाउने, विवाह पश्चात बच्चा जन्माउन पाउने वा नपाउने अधिकार समेत उनीहरुलाई प्रत्याभूत गरेको छ । साथै, उनीहरुलाई नागरिकता, अपाङ्गता र आदिवासी परिचय पत्र, सम्पत्ति र जमिनको पैतृक अधिकारमा पहुँच, उपभोग र हस्तान्तरण गर्ने अधिकार दिएको छ।



आदिवासी महिला र अपाङ्गता भएका महिलाहरुले अन्य नागरिक सरह समान, प्रभावकारी र अर्थपूर्ण सहभागीता गराउनको लागि अन्तरच्छेयिता, अन्तरसांस्कृतिक दृष्टिकोण, सामूहिक अधिकार र बृहत अवधारणालाई आधार मानी उनीहरुलाई सहज, सुरक्षित, सरल, सम्मान सहित पहुँचयुक्त वातावारणको सुनिश्चित गर्नुपर्दछ । राज्यले यस्तो वातावरणलाई सम्मान र कार्यान्वयन गर्न सकारात्मक विभेद, आरक्षण, कोटा र प्राथमिकताको अवधारणालाई आत्मसात गर्दै उनीहरुको व्यक्तिगत र व्यवसायिक जीवन साथै, सार्वजनिक र नीजि वृत्तहरुमा उनीहरुको नेतृत्व र सहभागितालाई सुनिश्चित गर्नुपर्दछ।

शिक्षाको अधिकार


पछाडीको साथीलाई कसरी सहयोग गर्ने ?
ज्यामिति आकारबारे कसरी बुझ्ने ?
SCIENCE
विषय
गणित
पाठ ७
ज्यामिति



आदिवासी महिला, अपाङ्गता भएका महिला र बालिकाहरूले विभिन्न शैक्षिक अवरोधहरू सामना गर्नुपर्दछ । उनीहरूले आफ्नै मातृभाषामा शैक्षिक पाठ्यक्रम पढ्नबाट बञ्चित, साथै, उनीहरूको उत्पत्ति, भाषा, इतिहास, संस्कृति र योगदानलाई सम्बोधन नगर्ने शैक्षिक नीतिहरू, समावेशी तथा पहुँचयुक्त वातावरणको कमी, विद्यालयमा पहुँचको अभावका कारण, उनीहरू शिक्षाबाट वञ्चित भइरहेका छन् । स्थापित र नियन्त्रित शैक्षिक प्रणालीमा पहुँचको अभाव, गरिबी, आदिवासीहरूप्रतिको सोँच, लैङ्गिक रूढीवादी सोँचका कारण उनीहरूले प्रत्यक्ष र अप्रत्यक्ष रुपमा विभिन्न अवरोधहरु भोग्नु परेको हुँदा उनीहरु विद्यालय जादैनन् । विद्यालय गएता पनि निश्चित कक्षा पश्चात् विद्यालय छोड्ने दर उच्च, र विद्यालयमा गुणस्तर शिक्षाको अभाव छ। प्रायः विद्यालयहरू टाढा भएकोले भौतिक रूपमा पहुँचका कारणले विद्यालयको पठनपाठनमा कठिनाइ छ ।



आदिवासी अपांगता भएका महिलाहरुको औपचारिक शिक्षामा पहुँचको कमी छ ।

उनीहरूलाई समावेशी, पहुँचयुक्त वातावरण, आफ्नै संस्कृतिक, मातृभाषा र समुदायमा गुणस्तरीय शिक्षाको अधिकार सुनिश्चित गर्नुपर्दछ । शैक्षिक कार्यक्रमहरू सरल र सहज पहुँचमा ल्याई समुदायमै विस्तार गर्नु पर्दछ । आदिवासी उत्पत्ति, विधायीकी, इतिहास, सिद्धान्त, संस्कृति र ज्ञान प्रणालीहरूलाई पाठ्यक्रममा समेटी आदिवासीहरूलाई पठनपाठनमा सक्रिय सहभागिता सुनिश्चित गर्नुपर्दछ । भेदभावपूर्ण रूढीवादी धारणाको अन्त्य गर्दै, आदिवासी महिला, बालिका र अपाङ्गता भएका महिलाहरूका लागि छात्रवृत्ति र सहयोग कार्यक्रमहरू विकास गर्न जरुरी छ । समावेशी, पहुँचयुक्त, सिकाइका लागि विश्वव्यापी ढाँचा र गुणस्तरीय शिक्षा सबै विद्यालयहरूमा प्रवर्द्धन गरी विस्तार गर्नुपर्दछ ।




आदिवासी महिला, अपाङ्गता भएका महिला र बालिकाहरुलाई कानून र अधिकार सम्बन्धी जानकारी आफ्नै मातृभाषामा दिने र सबैलाई सहज हुने पहुँचयुक्त संचार माध्यमहरु जस्तै ब्रेल, सरल भाषा, मातृ भाषा र स्थानीय भाषा र चित्रमा अनुवादन, सांकेतिक भाषा र अन्य पहुँचयुक्त ढाँचामा आफ्नो रोजाइ र रुचि अनुसार पठनपाठनमा सबैको लागि राज्यले सुनिश्चित गर्नुपर्दछ ।

कामको अधिकार




आदिवासी महिला, अपाङ्गता भएका महिला र बालिकाहरू प्रणालीगत भेदभाव र निर्णय प्रक्रियामा सहभागिताको अभावका कारण आर्थिक रूपमा सशक्त हुन सकेका छैनन् । प्रायजसो कार्यस्थलमा उनीहरूले लैंगिकता, जातीयता, उमेर, अपाङ्गता, सचेतना स्तर र ग्रामिण क्षेत्रको पृष्ठभूमिका आधारमा विभेद र भेदभावको सामना गर्नुपर्दछ । उनीहरूलाई आफ्नै पोशाक लगाउन वा मातृभाषा बोल्नसमेत प्रतिवन्ध लगाइन्छ जसका कारण उनीहरूलाई फरक दृष्टिले हेरिन्छ र विभेदपूर्ण व्यवहार गरिन्छ । यसलाई राज्यले साँस्कृतिक अधिकार र दृष्टिकोणलाई अपनाई सकारात्मक वातावरणको सिर्जना गर्नुपर्दछ ।





आदिवासी महिला, अपाङ्गता भएका महिला र बालिकाहरूलाई औपचारिक, अनौपचारिक र परम्परागत रोजगारीमा संलग्न र नियमित सुचारु हुन विविध चुनौतीहरू छन्, जसले गर्दा उनीहरूको आर्थिक स्वायत्ततालाई कमजोर बनाएको छ । उनीहरू कम तलब, असुरक्षित काम गर्ने र जोखिमको अवस्थामा छन् । कतिपय अवस्थामा उनीहरु जबरजस्ती श्रम, कमलरी तथा दासत्वजस्ता अमानवीय स्थितिमा जीविकोपार्जन गर्न बाध्य छन् जसलाई राज्यले प्राथमिकताको साथमा सम्बोधन गर्नुपर्दछ ।



उनीहरूको लागि आर्थिक अवसर र स्वतन्त्रताको वकालत गर्दै दिगो आदिवासी जीविकोपार्जन र उद्यमशीलताको प्रवर्द्धन गर्न, आयआर्जन र सीपहरूमा पहल गर्नुपर्दछ । उनीहरूलाई आदिवासी तथा परम्परागत सीपमा आधारित उद्यमशीलता, रोजगारी तथा वित्तीय सेवाहरूमा सम्मानजनक पहुँच सुनिश्चितता गर्नुपर्दछ । उनीहरुलाई सम्मान, सुरक्षित, न्यायपूर्ण र अनुकूल आय आर्जन गर्ने वातावरण राज्यले सुनिश्चित गर्नुपर्दछ । आदिवासी महिलाहरु सम्मानित, सुरक्षित र पर्याप्त तलब पाउने क्षेत्रमा पहुँच बढाउनु र, उनीहरुलाई बढि कृषि क्षेत्रमा संलग्न हुन राज्यले प्रोत्साहन र सरंक्षण गर्नुपर्दछ ।



आदिवासी महिला, अपाङ्गता भएका महिला तथा बालिकाहरूलाई आफ्नो परम्परागत, आदिवासी, सीप, ज्ञान, उद्यमशीलता, रोजगारी, व्यापार र व्यवसायलाई आफ्नो रोजाइ र संस्कृति अनुसार अन्तरसाँस्कृतिक रुपले प्रवर्द्धन, सञ्चालन गरी उद्यमशील बनाउन, रोजगारीको अवसरहरूको सिर्जना गर्ने कार्यलाई बढवा दिनुपर्दछ।

राज्य पक्षले आदिवासी ज्ञान, सिप, उद्यमशीलताको सिद्धान्तलाई दिगो विकास र नवीनतम ज्ञानसँग जोडी आदिवासी परम्परागत अभ्यासलाई प्रवर्द्धन गर्दै बजारीकरण र व्यवस्थापनमा नवीनतम प्रविधि र ढाँचाको प्रयोग गरी आदिवासी ज्ञान र सिपमा आधारित सचेतीकरण, सवलीकरण र आत्मनिर्भर हुने गरी लगानी गर्नुपर्दछ।






यौन तथा प्रजनन स्वास्थ्य अधिकार





धेरै राष्ट्रिय तथ्याङ्क र प्रतिवेदनहरूमा आदिवासी महिला, अपाङ्गता भएका महिला तथा बालिकाहरूले दुर्गम क्षेत्रहरूमा आधारभूत सामाजिक र स्वास्थ सेवाहरू कम उपलब्ध भएको देखाउँछ । सेवा प्रदायकहरूको भेदभावपूर्ण व्यवहार, मनोवृत्ति र वितरण र आदिवासी स्वास्थ्य सेवाको अभावको कारणले गर्दा आदिवासी महिला, अपाङ्गता भएका महिला तथा बालिकाहरूलाई स्वास्थ्य सेवामा थुपै अवरोधहरु भोगेका छन् ।



उनीहरूले सबै तहका सचेतना, संरचनागत, र भाषागत अवरोधहरूको सामना गर्छन् र उनीहरू प्रायः त्यस्ता सेवाहरू प्राप्त गर्न जाँदैनन् र त्यस बारे उनीहरुमा सचेतनाको पनि कमी छ ।


आदिवासी अपांगता भएका महिला र बालिकाको स्वास्थ्य सम्बन्धी अधिकारमा पहुँच न्युन छ ।

आदिवासी महिला, अपाङ्गता भएका महिला तथा किशोरीहरुलाई परिवार नियोजन सम्बन्धी जानकारी, जबर्जस्ती बन्ध्याकरण, अस्थायी साधनको प्रयोग गर्ने क्षमतामा अवरोधहरू भोग्नु परेका छन् । उनीहरुलाई विवाह, महिनावारी, मातृस्वास्थ्य सेवा, गुणस्तर स्वास्थ्य सेवाका साथै, यौन तथा प्रजनन स्वास्थ्य सेवाहरू उपलब्ध गराउनु पर्दछ । ती सेवाहरु सरल, मातृभाषा, स्थानीय भाषा र पहुँचयुक्त ढाँचामा सही जानकारी, व्यापक यौन तथा प्रजनन स्वास्थ्य सेवाहरूमा समान पहुँच राज्यले प्राप्त गराउनु पर्दछ । मातृ स्वास्थ्यसँग जोडिएका आदिवासी परम्परागत असल अभ्यासहरू सिकाइका हिसाबले कार्यान्वयन गर्नुपर्दछ ।

राज्यले स्वास्थ्य सेवाहरूमा सबै प्रकारका अवरोधहरू हटाई सबै तहमा सेवाहरुको पहुँच वृद्धि गर्नुपर्दछ । स्वास्थ्य सेवाहरु प्रदान गर्दा उनीहरुको अर्थपूर्ण सहभागिता, सबै ठाउँमा आदिवासी स्वास्थ्य प्रणाली र अभ्यासहरूलाई एकीकृत गरिनुपर्दछ र सबै सेवा प्रदायकहरुले त्यस प्रणालीको बारेमा जानकार र सम्मान गर्नुपर्दछ ।



सबै सेवा प्रदायकहरूले आदिवासी, साँस्कृतिक र संवेदनशील स्वास्थ्य सेवा कार्यक्रमहरूलाई प्रवर्द्धन गर्नु, गुणस्तरीय स्वास्थ्य सेवाहरूमा पहुँच सुनिश्चित गर्नु आवश्यक छ । स्वास्थ्य कार्यक्रम र सेवाहरु आदिवासीहरूको ढाँचा र सहज वितरणमैत्री हुनुपर्दछ ।



आदिवासी महिला, अपाङ्गता भएका महिला र बालिकाहरू प्रायः बलात्कार, यौनजन्य हिंसा र उच्च अपाङ्गता दरको सिकार हुने गरेका छन् । उनीहरूका लागि राज्यले औषधोपचार र स्याहार सेवाहरू उपयुक्त, पहुँचयुक्त र अनुकूल ढाँचाले उपलब्ध गराउनु पर्दछ। स्वास्थ्यसम्बन्धी जानकारी आदिवासी परम्परा र सामाजिक सञ्चार माध्यममार्फत आदिवासी भाषामा व्यापक प्रचारप्रसार गरी सबैलाई जानकारी र सचेतना प्रदान गर्नुपर्दछ । आदिवासी समुदायको स्वास्थ्य प्रणाली, पुर्खाको ज्ञान, अभ्यास, विज्ञान र प्रविधिलाई राज्यले मान्यता दिनुपर्दछ । उनीहरूको परम्परागत औषधि उपचार विधिको अपराधीकरणलाई रोक्न र दोषीहरूलाई दण्डित गर्न प्रभावकारी उपायहरू अवलम्बन गर्नुपर्दछ।

विज्ञान, प्रविधि र अनुसन्धान मार्फत आउने ज्ञानसँगै आदिवासी पूर्खा, अग्रज, धाइआमा, हजुरआमा, धामी झाँक्री लगायत अन्य समुदायको अग्रजले दिने शारीरिक, मानसिक र आध्यात्मिक अवधारणासँग सम्बन्धित ज्ञानलाई स्वास्थ्य सेवामा संलग्न र सम्मान गर्नुपर्दछ । यसरी आदिवासी ज्ञान र अवधारणालाई आत्मसात गर्दा वैज्ञानिक उपचार पद्धतिलाई समेत सँगसँगै सम्मान र सिकाइका आधारमा भूगोल, समयअनुकूल र व्यवहारिक रुपलाई मध्यनजर गरि समावेश गर्नुपर्दछ।



साँस्कृतिक अधिकार





आदिवासी महिला, अपाङ्गता भएका महिला तथा बालिकाहरु आफ्नो भूमि, क्षेत्र र स्रोतसाधन स्वामित्वको कानुनी संरक्षण नपाउँदा उनीहरु आफ्नै भूमि, क्षेत्र र स्रोतसाधन माथि स्वामित्वविहीन र विस्थापित भइ लुटिनु, शोषित हुनु, र आफ्नै ठाउँबाट लखेटिनु परेको स्थिति छ । यस्तो भूमि, क्षेत्र र स्रोतसाधन माथिको अधिकार उल्लङ्घन हुँदाको उनीहरूको मानव अधिकार हनन भएको हुन्छ र उनीहरू गम्भीर रूपमा प्रभावित र घाइते हुन्छन् । यस्ता गतिविधिलाई राज्यले रोक्न र सम्बोधन तत्काल गर्नुपर्दछ ।





आदिवासीहरू आफ्नो भूमि, क्षेत्र, स्रोतसाधनलाई संस्कृतिको आधार मान्दछन् । आदिवासी संस्कृतिमा भाषा, पोशाक र खानाको तयारी, आदिवासी औषधिको अभ्यास, पवित्र स्थानहरूको सम्मान, धर्म, परम्परा, र तिनीहरूको समुदाय र मानिसहरू सँगको इतिहास र सम्पदाको अन्योन्याश्रित सम्बन्ध छ । उनीहरूले आफ्नो सांस्कृति, परम्परा, भाषा र रीतिरिवाज कायम र अभ्यास गर्ने अधिकार राज्यले समर्थन र संरक्षण गर्नुपर्दछ । भावी पुस्तामा संस्कृति र साँस्कृतिक ज्ञान हस्तान्तरण गर्न आदिवासीहरूको महत्वपूर्ण भूमिका रहन्छ । त्यसकारण, आदिवासी संस्कृति, पुख्यौंली, परम्परागत ज्ञान, प्रविधि, चलनचल्ती र भाषाहरूको संरक्षण र प्रवर्द्धनको महत्वमा जोड दिनु आवश्यक छ । उनीहरूको भूमि, स्रोतसाधनको संरक्षण र व्यवस्थापन गर्ने, र प्रकृति र एकअर्कासँग बस्ने प्रकृतिसँगको निर्वाध अभ्यासहरू जीवनसँग जोडिएको हुनाले यसलाई राज्यले प्रवर्द्धन, सम्मान र सुनिश्चित गर्नुपर्दछ ।

आदिवासी महिला, अपाङ्गता भएका महिला र बालिकाहरुले 'पृथ्वी' लाई आमा मान्दछन् र यो सबै ब्रह्माण्डीय अस्तित्व, भूमि, भौगोलिक क्षेत्र, प्राकृतिक स्रोत र सबै मानिसहरुसँगको प्रगाढ सम्बन्धलाई आत्मासाथ गर्दछ । जीवन, जगत, आध्यात्मिक, ब्रह्माण्डीय अस्तित्व साथै, परिवार, समुदाय र प्रकृतिसँगको शक्ति, समृद्धि र दिगोपनको सामूहिक दर्शन र मूल्यमान्यतामा आधारित यस अवधारणालाई राज्यले प्रोत्साहन गर्नुपर्दछ ।





थाकथलो

आदिवासी महिला, अपाङ्गता भएका महिला र बालिकाहरुले प्रयोग गर्ने बिउबिजन, जल, आदिवासी समुदायको खाना, जीविकोपार्जन तथा जीवन अस्तित्वलाई सुरक्षित राख्नका लागि आफ्नै थातथलो र परम्परागत संस्थाहरूबाट बन्चित हुनुपर्ने अवस्थाको रोकथाम गर्नुपर्दछ । पुख्यौंली जमिन, थातथलो, भूभाग, प्रणाली, अभ्यास व्यवहार र परम्परागत आदिवासी संस्थाहरूलाई राज्यले प्रोत्साहन र प्राथमिकतामा राख्नुपर्दछ ।



आफ्नो समुदायमा खाद्य, पानी र जीविकोपार्जन सुरक्षित राख्न आदिवासी महिलाले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएका छन् । यो भूमिका र यसले समर्थन गर्ने गतिविधिहरू भूमि र स्रोतहरूमा पहुँचको विस्थापन वा हानिकारक साथै, निकासी र अन्य आर्थिक गतिविधिहरू र विकास परियोजनाहरूको प्रभावबाट क्षति रोक्न उनीहरुलाई ज्ञानको सम्वाहकको रुपमा स्विकार्नु पर्दछ । राज्यले आदिवासी महिला, अपाङ्गता भएका महिला र बालिकाहरूको लागि पर्याप्त खाना, पोषण र पानीमा सुरक्षित र सहज पहुँच सुनिश्चित गर्न प्रभावकारी उपायहरू अवलम्बन गर्नुपर्दछ। साथै, आदिवासीहरुको पुर्खाको ज्ञान र साँस्कृतिक सम्पदाको अभिन्न अंश रहेको हुँदा बीउहरूको संरक्षण, व्यावसायीकरण रोकथाम, र आनुवंशिक रूपमा परिमार्जित बालीहरूको प्रसार नियन्त्रण गर्न आवश्यक कदमहरू चाल्नुपर्दछ ।




आदिवासी महिला, अपाङ्गता भएका महिला, बालिकाहरूको बौद्धिक सम्पत्ति, साँस्कृतिक विरासत, वैज्ञानिक तथा परम्परागत जडीबुटी, औषधिको ज्ञान, साहित्य, कला तथा गीत सङ्गीतको संरक्षण राज्यले गर्नुपर्दछ । आदिवासी समुदायको भूमि, भूभाग र सिमानामा कुनै पनि विकास परियोजना र गतिविधिहरू गर्दा उनीहरूसँग पूर्व अग्रिम जानकारी सहितको मन्जुरी लिनुपर्दछ र ती मापदण्डहरूको सम्मान र पालना मानव अधिकारको अवधारणाबाट गर्नुपर्दछ ।



आदिवासी महिला, अपाङ्गता भएका महिला तथा बालिकाहरू जाति, उमेर, लिङ्ग, अपाङ्गता, आर्थिक, सामाजिक, साँस्कृतिक, राजनीतिक, भाषिक, एचआईभी/एड्स स्थिति कठिनाइका कारण बालविवाह, कम उमेरमा विवाह, पारिवारिक जीवनमा अनमेल, सम्बन्ध बिच्छेद, बालबालिकाको अपहरण र हेरचाहमा ध्यान नदिइने, साथै, विभेदको सामना गर्नुपर्ने अवस्थालाई सम्बोधन गर्न जोड दिन्छ।

बालिका, किशोरी र महिलाहरु विद्धुतीय प्रविधि, इन्टरनेट, सामाजिक संजाल र अन्य प्राविधिक क्षेत्रहरूबाट विभिन्न प्रकारका हिंसाहरूलाई रोक्न विशेष ध्यान दिनु पर्दछ । वैज्ञानिक, नवीनतम, विद्धुतीय प्रविधि र अन्य परिवर्तनमा हुने फाइदाहरुमा आदिवासी महिला, अपाङ्गता भएका महिला तथा किशोरीहरूको समान, सहज र सरल ढाँचामा पहुँच सुनिश्चित गर्नुपर्दछ।






पृथ्वी, जैविक विविधता र मानव सभ्यतालाई दिगो भविष्य दिन सक्ने आदिवासी ज्ञानलाई भूमि, जल, जङ्गल, प्राकृतिक स्रोतसाधनहरुको दोहन, जैविक विविधतामा ह्रास, वातावरण र पर्यायवरणको प्रदुषण र जलवायू परिवर्तनलाई सम्बोधन (संरक्षण, प्रवर्द्धन र सम्मान) गर्न आदिवासी महिलाहरुले परापूर्वकाल देखि महत्वपूर्ण भूमिका गर्दै आएका छन्। त्यस्ता ज्ञानलाई सम्मान गर्दै उनीहरुलाई "पृथ्वी आमाको संरक्षक"का रुपमा मान्यता दिनुपर्दछ।



राज्यले जलवायु परिवर्तन, वातावरणीय ह्रास तथा हानी नोक्सानी, सम्पत्ति र जैविक विविधतामा ह्रास रोकथाम गर्ने तथा विपद् जोखिम न्यूनीकरणसँग सम्बन्धीत कानुन र नीतिहरू आदिवासी साँस्कृतिक अवधारणा मार्फत कार्यान्वयन गर्नुपर्दछ । विपद्, आपत्कालिन र माहामारीको बेलामा योजना तयारी गर्दा, कार्यान्वयन गर्दा, अनुगमन, मूल्याङ्कन र प्रतिवेदन बुझाउँदा सबै तहमा आदिवासी महिला, अपाङ्गता भएका महिला तथा किशोरीहरूको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नुपर्दछ ।



आदिवासी महिला, अपाङ्गता भएका महिला तथा बालिकाहरू जैविक विविधताका संरक्षक भएको हुँदा उनीहरूलाई स्वच्छ, स्वस्थ र दिगो वातावरणको अधिकारमा निम्न तत्वहरू समावेश गर्नुपर्दछ । सुरक्षित र स्थिर जलवायु, सुरक्षित र पर्याप्त खाना र पानी, स्वस्थ परिस्थिति प्रणाली र जैविक विविधता, विषाक्त नभएको वातावरण, सहभागिता, जानकारीमा पहुँच र वातावरणीय न्यायमा पहुँच हुनुपर्दछ । यो अधिकार तीन तरिकाले सम्बोधन गर्नुपर्दछ ।

आवश्यक पहल कदमी

राज्यले वातावरणीय हानीको गम्भीर घटनाहरूलाई रोक्न, अनुकूलन गर्न र सच्याउन पर्याप्त कदम चाल्नु पर्दछ । यस्ता कदमहरु चाल्दा आदिवासी महिला, उनीहरूको परिवार र आफन्तहरु विरुद्ध मानव अधिकार उल्लंघन र हिंसाको वातावरणलाई न्यूनीकरण गरी छलफल, संवाद र न्यायोचित मार्फत तुरुन्तै सम्बोधन गर्न आवश्यक छ ।

आदिवासी र आदिवासी मान्यता

राज्यले आदिवासी महिलाको ज्ञान, जैविक विविधता संरक्षण र प्रर्वद्धनको लागि खेलेको भूमिका र ज्ञानलाई मान्यता दिनुपर्दछ । उनीहरूलाई वातावरणीय गतिविधिमा सहभागिता र निर्णय लिने कार्यमा सुनिश्चितता गर्न आवश्यक छ ।

आदिवासी र आदिवासीको मान्यता, सहभागिता, समर्थन र मानवीय कार्य

आदिवासी महिलाको ज्ञान वातावरणीय मानव अधिकारको रक्षा गर्दै उनीहरूलाई सबै तहमा सहभागिता र आदिवासी दर्शनको समर्थन सहित मानवीय आपत्कालीन र सामान्य अवस्थामा सबै सन्दर्भमा समेटिनु पदर्छ ।

तथ्याङ्क सङ्कलन र अनुसन्धान







राज्यले आफ्ना सेवाहरू प्रदान गर्न, आवश्यकताहरु सम्बोधन गर्न र अधिकारहरु सुनिश्चित गर्न आदिवासी महिला, अपाङ्गता भएका महिला तथा किशोरीहरूको खण्डिकृत तथ्याङ्क सङ्कलन गर्नुपर्दछ। खण्डिकृत तथ्याङ्क सङ्कलनको अभावमा उनीहरू अदृश्य छन् र उनीहरुको लागि नीति र कानून सीमित छन् । खण्डिकृत तथ्याङ्क सङ्कलन गर्दा जाति, उमेर, लिङ्ग, भूगोल, वर्ग, असक्तता, आर्थिक, सामाजिक, संस्कृतिक, साक्षरता, सचेतना, एचआईभी/एड्स स्थिति, पारिवारिक जीवन र अन्य जानकारीहरू सङ्कलन गर्नुपर्दछ र एकीकृत गर्नुपर्दछ।



आदिवासी महिला, अपाङ्गता भएका महिला तथा बालिकाहरूको स्रोत व्यवस्थापन, अन्तर-पुस्ता ज्ञानको हस्तान्तरण, खाद्य सुरक्षा र शान्ति निर्माताको रूपमा उनीहरूको महत्वपूर्ण भूमिका र योगदानको सम्बन्धमा लेखाजोखा राख्नु पर्दछ। उपयुक्त योजनाहरू विकास गर्दा आदिवासी महिलाका मुद्दाहरूमा सहभागितामूलक, आदिवासी अनुसन्धान सञ्चालन गर्नुपर्दछ। उनीहरूको अधिकार र योगदानको सम्मान र संरक्षण गर्न राज्यले सेवा प्रदायक, आदिवासी समुदाय, नागरिक समाज र सर्वसाधारण जनता माँझ आदिवासी महिलाको अधिकारको बारेमा जागरूकता, सचेतना र शिक्षा जगाउनु पर्दछ।




कानूनी र नीतिगत कार्यढाँचा













धेरै जसो राष्ट्रिय कानून, नीति र अभ्यासहरूले आदिवासीहरुको अधिकारको मान्यता र संरक्षणसँग मेल खाँदैनन्, जसले गर्दा आदिवासी महिला, अपाङ्गता भएका महिला तथा बालिकाहरू लगायत आदिवासीको अधिकारको अभ्यासलाई प्रणालीगत, संस्थागत अपराधीकरण र मान्यता सीमित गरिन्छ । धेरैजसो देशहरूले सिड अनुमोदन गरिसके पनि आदिवासी महिला, अपाङ्गता भएका महिला तथा किशोरीहरू विरुद्धको भेदभाव, हिंसा प्रायः दण्डहीनताको साथ जारी गर्दै आएको छ। त्यस्ता गतिविधिहरुको प्रयासलाई राज्यले तत्कालै रोक्नु पर्दछ र मानव अधिकारको दृष्टिकोणलाई आधार मानी तत्काल आवश्यक कदम चाल्नुपर्दछ।





आदिवासी महिला, अपाङ्गता भएका महिला तथा बालिकाहरूको अधिकार र आवश्यकतासँग मेल खाने कानून र नीतिहरूको समीक्षा तथा परिमार्जन अनिवार्य छ । त्यसैले, आदिवासी मान्यतालाई सुनिश्चित गर्न कानुनी र नीतिगत सुधारहरूमा तत्काल ध्यान केन्द्रित गर्नुपर्दछ र राज्यले दुबै व्यक्तिगत र सामूहिक अधिकारको सुनिश्चितसँगै मानवअधिकारको व्यापक अवधारणा मार्फत व्याख्या र कार्यान्वयन गर्नुपर्दछ। साथै, अन्य समुदाय र नागरिक समाजका संघसंस्थाहरूले यी सिफारिसहरूको कार्यान्वयनका लागि वकालत गर्नुका साथै, अधिकारको सम्मान र संरक्षण नगरेको अवस्थामा सरकारलाई जवाफदेही र कार्यान्वयनको लागि दबाव दिने महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्दछ।

निष्कर्ष

यस आधारभूत सिफारिस नं. ३९ र यसका सिफारिसहरूको बारेमा सबै तह र तप्कामा सचेतना/जागरूकता जगाउन आदिवासी महिला, अपाङ्गता भएका महिला तथा बालिकाहरू एकजुट हुन जरुरी छ। उनीहरूले स्थानीय, प्रादेशिक र संघीय सरकारसँग आफ्नो अधिकार दाबी गर्न र उनीहरूले सामना गर्नुपर्ने कुनै पनि विभेदको लागि क्षतिपूर्ति खोज्न सशक्त आवाज उठाउनु पर्दछ। आधारभूत सिफारिस नं. ३९ लागू गर्न राज्यको दायित्व भएकोले महिला विरुद्धको भेदभाव उन्मूलन सम्बन्धि महासन्धिलाई आफ्ना सरकारहरूले अनुमोदन र कार्यान्वयन गरेको छ कि छैन भनेर समीक्षा र मूल्याङ्कन गर्नुपर्दछ। राज्य र सबै सरोकारवाला निकायहरुलाई जवाफदेही र कार्यान्वयनको लागि निरन्तर वकालत र पैरवी गर्नुपर्दछ। हामीले सबैको अधिकारलाई प्रत्यभूत गर्न अन्य नागरिक सरह सम्मानजनक रुपले बाँच्ने अधिकारको उपभोग गर्न र गराउन हातेमालो गर्नुपर्दछ।

अनुसूचिहरू

1. https://www.ohchr.org/en/treaty-bodies/cedaw.
2. https://treaties.un.org/Pages/ViewDetails.aspx?src=TREATY&mtdsg_no=IV-8&chapter=4&clang=_en.
3. https://treaties.un.org/Pages/ViewDetails.aspx?src=TREATY&mtdsg_no=IV-8-b&chapter=4&clang=_en.
4. FIMI, Global Study on the Situation of Indigenous Women and Girls (2020), https://perma.cc/Y6S2-EAEC.
5. https://www.ohchr.org/en/instruments-mechanisms/instruments/convention-elim- ination-all-forms-discrimination-against-women.
6. Violence against indigenous women and girls, A/HRC/50/26 (2022), https://docs.un.org/A/HRC/50/26
7. Impact of Climate Change on Indigenous Women with Disabilities in English and ISL https://www.youtube.com/watch?v=wzTJnI1jFkk
8. Animated film about Indigenous Women's Land Rights https://www.youtube.com/watch?v=FF58272Gje8&t=277s
9. https://www.worldatlas.com/articles/prevalence-of-child-marriage-in-the-different-regions-of-the-world.html



समन्वयकारी संस्थाहरू:

१) राष्ट्रिय आदिवासी जनजाति अपाङ्ग महिला संघ–नेपाल, कर्णाली प्रदेश

२) अपाङ्गता भएका आदिवासीका लागि अनुसन्धान र विकास केन्द्र, कर्णाली प्रदेश

३) आदिवासी अपाङ्ग सशक्तिकरण केन्द्र – कर्णाली प्रदेश

४) मधेश आदिवासी अपाङ्ग महिला संघ–नेपाल, मधेश प्रदेश

५) सुदुरपश्चिम आदिवासी जनजाति अपाङ्ग महिला संघ–नेपाल, सुदुरपश्चिम प्रदेश

६) आदिवासी अपाङ्गता भएका व्यक्तिहरूको विकास र सशक्तिकरण संघ, प्रदेश नं १

७) साझा अभियानका लागि आदिवासी अपाङ्गता भएका व्यक्तिहरूको संघ, कास्की, गण्डकी प्रदेश

८) आदिवासी अपाङ्गता भएका व्यक्तिहरूका लागि सशक्तिकरण, विकास र अभियान संघ, बुटवल, लुम्बिनी प्रदेश

National Indigenous Disabled Women Association Nepal (NIDWAN)

राष्ट्रिय आदिवासी जनजाति अपाङ्ग महिला संघ नेपाल (निडवान)

Kusunti, Lalitpur, Nepal

+977 1 5424054, 9851345804

nidwan2021@gmail.com, info@nidwan.org.np

@nidwan.nepal

@NidwanNepal

www.nidwan.org.np